# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

**समाचार तथा लेख रचना पठाउने सम्बन्धी सूचना**

(प्रकाशित मिति २०८२/०९/२२ गते)

आयोगको ३५ औं स्थापना दिवस (वि.सं. २०८२ माघ २८ गते) को अवसरमा वर्षभरि पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, टेलिभिजन तथा रेडियो/एफ.एम. मार्फत् प्रकाशित एवं प्रसारित भएका सुशासन प्रवर्धन तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी समाचार तथा लेख रचनामध्ये उत्कृष्टलाई पुरस्कृत गर्ने कार्यक्रम रहेको छ। यस प्रयोजनका लागि तोकिएको मापदण्ड भित्र रही २०८१ माघ १ गतेदेखि २०८२ पुस मसान्तसम्म प्रकाशित वा प्रसारित भएका समाचार तथा लेख रचना आयोगमा उपलब्ध गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. समाचार तथा लेख रचना नेपाली वा अङ्ग्रेजी भाषामा हुनु पर्नेछ।

२. लेख रचना न्यूनतम सात सय शब्दको हुनु पर्नेछ र समाचारको हकमा शब्द सीमा तोकिएको छैन।

३. दुई वा सोभन्दा बढी व्यक्तिले संयुक्त रूपमा लेखेको समाचार तथा लेख रचनालाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

४. प्रतिव्यक्ति अधिकतम तीन वटासम्म समाचार र लेख रचना पठाउन सकिनेछ।

५. समाचार वा लेख रचना अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गालमा दर्ता गर्न आयोगको इमेल ठेगाना **suchana@ciaa.gov.np** मा पठाउन सकिनेछ। साथै, श्रव्यदृश्य सामग्रीको हकमा इमेलमा अपलोड हुन नसकेमा पेनड्राइभमा राखी आयोगमा पेस गर्न सकिनेछ।

६. समाचार तथा लेख रचना मिति २०८२/१०/०६ गते मङ्गलबार राति १२: ०० बजेसम्म पठाइसक्नु पर्नेछ ।

७. समाचार वा लेख रचना पठाउँदा संलग्न फारम भरी अनिवार्यरूपमा सँगै पठाउनु पर्नेछ। यस सम्बन्धी थप जानकारी आयोगको वेबसाइट www.ciaa.gov.np मा सूचना खण्डमा राखिएको छ।

८. अन्य जानकारीको लागि आयोगको फोन नम्बर ०१-५२६२३८५/९८५११८७३०८ मा सम्पर्क गर्न सकिनेछ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

## समाचार तथा लेख रचना पठाउँदा भर्नुपर्ने फारम

### १. प्रकाशित/प्रसारित समाचार पठाउँदा भर्नुपर्ने फारम

| | |
|---|---|
| १. | पूरा नाम थर :- |
| २. | ठेगाना :- |
| ३. | इमेल र मोबाइल नम्बर :- |
| ४. | संलग्न संस्था/ सञ्चारमाध्यम :- |
| ५. | समाचारको शीर्षक र प्रकाशित मिति :- |
| ६. | संलग्न संस्था नवीकरण भए/नभएको :- |
| ७. | पत्रकारिताको आचरणविपरीतका कार्य गरी कारबाहीमा परे/नपरेको :- |
| ८. | हस्ताक्षर र मिति :- |

### २. व्यक्तिगत लेख रचना पठाउँदा भर्नुपर्ने फारम

| | |
|---|---|
| १. | पूरा नाम थर :- |
| २. | ठेगाना :- |
| ३. | इमेल र मोबाइल नम्बर :- |
| ४. | लेख रचनाको शीर्षक :- |
| ५. | प्रकाशन गरिएको माध्यम र मिति :- |
| ६. | हस्ताक्षर र मिति :- |